प्रस्तावहरु:

एकीकृत नगर विकास योजनाको प्रस्तुतीकरण

होलीको शुभकामना आदानप्रदान

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. शिक्षा क्षेत्र (शिक्षा तथा खेलकुद शाखा व्यवस्थापन, परीक्षा, नयां भर्ना अभियान र अन्य)

३. आय ठेक्का सुधार एवम् पुनरावलोकन

४. सम्पत्ति कर तथा घरभाडा कर संकलन

५. नयां नापी मांग

६. सहकारी क्षेत्र व्यवस्थापन

७. फोहोरमैला व्यवस्थापन

८. विविध

निर्णयहरु:

एकीकृत नगर विकास योजनाको प्रगति विवरण प्रस्तुत भयो । जीतपुरसिमरा उपमहानगरपालिकाको मूल नारा (slogan) को रुपमा "समृद्ध जीतपुरसिमराको मूल आधार: कृषि पर्यटन उद्योग र पूर्वाधार" तय गरियो । साथै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्नका लागि दुई वटा ठुला योजनाहरु तय गर्ने जिम्मेवारी नगर प्रमुख र कार्यालयलाई दिने निर्णय गरियो ।

नेपालीहरुको एक महत्वपूर्ण पर्व होली फागु पूर्णिमाको अवसरमा हार्दिक मंगलमय शुभकामना आदानप्रदान गरियो ।

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, प्रशासनिक कार्य तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) शिक्षा क्षेत्र व्यवस्थापन अन्तर्गत शिक्षा तथा खेलकुद महाशाखालाई व्यवस्थित गर्ने निर्णय गरियो । चैत्र ११ गतेदेखि हुने ८ कक्षाको परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनका लागि नगर शिक्षा समिति र परीक्षा समितिलाई मार्गनिर्देश गर्ने र चैत्र १० देखि हुने एसइई परीक्षालाई पनि मर्यादित बनाउन सहयोग गर्ने निर्णय गरियो ।

३) उपमहानगरपालिकाले आ. व. २०७५।०७६ को विभिन्न शिर्षकमा लगाइएको आय ठेक्काहरु मध्ये पथलैया स्थित पार्किङ्ग ठेक्कामा समस्या आएकोले त्यसलाई अर्को व्यवस्था नभएसम्मका लागि स्थगन गर्ने निर्णय गरियो ।

४) सम्पत्तिकर तथा घरभाडा कर संकलनलाई प्रभावकारी बनाउन ध्यान दिने निर्णय गरियो । सम्पत्तिकर संकलनका लागि वडा नं. ४ बाट सुरु गर्ने निर्णय गरियो ।

५) जीतपुरसिमरा उमहानगरपालिकाभित्रको जग्गा व्यवस्थापनका लागि नयां नापी आवश्यक भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत भूमिव्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

६) यस उपमहानगरपालिकामा रहेका सबै सहकारीहरुलाई नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरियो । सहकारी सूचना प्रणाली (कोपोमिस) मा सहभागिताका लागि ध्यान दिने निर्णय गरियो । आगामी चैत्र २० गते राष्ट्रिय सहकारी दिवसको अवसरमा जीतपुर कार्यालय परिसरमा कार्यालयले गोष्टी आयोजना गर्ने र सोको सहजीकरणका लागि सहकारी समन्वय सञ्जाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

७) उपमहानगरपालिकाभित्र र विशेषत बजारक्षेत्रमा फोहोर व्यवस्थापन जटिल र चुनौतिपूर्ण बन्दै गएको अवस्थालाई मध्यनजर गर्दै फोहोरमैला संकलनका ठेक्का पुनरावलोकन गर्ने र नयां ठेक्का व्यवस्थापनका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो । फोहोरमैलाको स्रोतमै वर्गीकरणका लागि टोलस्तरमा कार्यक्रम सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

८) विविध

क) सामाजिक विकास समितिको मिति २०७५ चैत्र ५ गते बसेको वैठकले तालीम तथा सचेतनाका विभिन्न कार्यक्रमलाई अनुमोदन गर्ने तपसिल बमोजिम निर्णय गरियो ।

| | |
|---|---|
| महिला सशक्तीकरण महिलाहरुलाई अटोचालक | रु. ६ लाख |
| दलित सशक्तीकरण कार्यक्रम | रु. १ लाख |
| विपन्न घरधुरीहरुलाई शौचालय सामाग्री | रु. ७ लाख |
| जनजाती सशक्तीकरण (लोडर डोजर चालक तालीम) | रु. ५ लाख |
| पिछडावर्ग सशक्तीकरण ~~(कम्प्युटर तालीम)~~ | रु. १ लाख |
| पिछडावर्ग सशक्तीकरण (कम्प्युटर तालीम) | रु. २ लाख |
| पिछडावर्ग सशक्तीकरण (मोबाइल तालीम) | रु. २ लाख |

ख) साविक भवानीपुर जीतपुर गाविस वडा नं. ३ हाल जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.७ स्थित कि.नं. ६१ र १४५ समेतका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन मुद्दा (०६८-CI-०८६८, ०६८-CI-०८६७ र ०६८-CI-०८७०) का सन्दर्भमा उपमहानगरपालिकाको तर्फबाट बहश पैरवीका लागि बरिष्ठ अधिवक्ता श्रीकृष्ण भण्डारी, अधिवक्ताहरु श्री रामकृष्ण काफले, श्री नारायण देवकोटा र श्री अरुण दुवे साथै यस उपमहानगरपालिकाका कानूनी सल्लाहकार श्री दामोदर पौडेललाई जिम्मेवारी दिने साथै उक्त कार्यको संयोजनका लागि यसअघि यस कामको संयोजन गरिरहनु भएका पूर्व गाविस अध्यक्ष श्री देवनारायण चौधरीलाई यस कामको संयोजन गर्ने निर्णय गरियो ।

ग) आदिवासी जनजाती महासंघको जिल्ला अधिवेशनका लागि सहयोगका लागि प्राप्त पत्र अनुसार रु.१५,०००।०० र नेपाल मगर संघको जिल्ला अधिवेशनका लागि प्राप्त पत्र अनुसार रु.१५,०००।०० नगरस्तरीय जनजाती शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

घ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अख्तियार दु.अ. आयोगको मिति २०७५।०८।०६ च. नं. ५४९।५ अनु ६-३०७५/७६ को पत्र सम्वन्धमा जानकारी प्राप्त भयो । उक्त सम्वन्धमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

ङ) गत वर्षको ठेक्का लागेका सडकहरुमा ठेक्केदार चन्दन एण्ड हरिओम निर्माण सेवाबाट काम हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै उक्त ठेक्का वदर गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

च) वडा नं.१३,१४, १५ र १६ कार्यालयबाट प्राप्त पत्र अनुसार वडा कार्यालयले मोटरसाइकल सुविधावापत वडा नं. १५ मा रहने गरी एम्बुलेन्स खरिद गरी सञ्चालन गर्ने बेहोरा जानकारी भएको छ । उक्त सम्वन्धमा एम्बुलेन्स खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।साथै मोटरसाइकल नलिएका अन्य वडाहरुको हकमा पनि मांग अनुसार विकासको काममा लगाउन सहजीकरण गर्ने निर्णय गरियो ।

छ) हेडलाइन खवर (प्रा.)लि. सिमराद्वारा जीतपुरसिमरा उपमहानगरपालिका र जनप्रतिनिधिहरुको विवरण प्रकाशनको लागि प्राप्त भएको प्रस्तावलाई छलफल गरियो । उक्त सम्वन्धमा आवश्यकता र औचित्यताका आधारमा कार्यप्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ज) टाउल हल निर्माण सिमरा शिर्षकमा गत वर्षको अल्या भई आएको रु.३०(तिस) लाख र चालु आ.व.मा बिनियोजित रु.१(एक) करोडबाट औराहामा टाउल हल निर्माण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

झ) वडाबाट सिफारिस भई आएका तपसिल बमोजिमको योजना संशोधन गर्ने निर्णय गरियो

| क. सं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लोकसेवा तालीम | २००,००० | सिलाईकटाई तालीम | २ लाख | १३ | |
| २ | लोकसेवा तालीम<br>कम्प्युटर तालीम<br>सिलाईकटाई तालीम | ३००,०००<br>२००,०००<br>२००,००० | लोकसेवा तालीम<br>कम्प्युटर तालीम | ३,५०,०००<br>३,५०,००० | १४ | |

ञ) प्रधानमन्त्री रोजगार कार्यक्रमका सन्दर्भमा प्राप्त रोजगारीको हक सम्वन्धी ऐन र नियमावली २०७५ एवम् कार्यक्रम सञ्चालन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप कार्यक्रम संयोजक हाजिर भएकोले वडा कार्यालयमार्फत रोजगारीका लागि तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner